आज मिति २०७७।०५।१६ गते प्र.जि.अ. श्री कृष्ण कुमार निरौलाको अध्यक्षतामा जिल्ला कोभिड -१९ संक्रट व्यवस्थापन केन्द्रको देहायको उपस्थितिमा वैठक बसी देहायानुसार निर्णय गरियो ।

**उपस्थिति**

- श्री कृष्ण कुमार निरौला, प्र.जि.अ., जि.प्र.का. - अध्यक्ष
- श्री अञ्जन विष्ट, सेनानी, श्रीदल गुल्म, हुट्टु व्यारेक, रारा - सदस्य
- श्री भुवनेश्वर प्रसाद साह, प्र.ना.उ., जि.प्र.का, - सदस्य
- श्री खुम वहादुर के.सी, स.प्र.ना.उ. स.प्र.वल, नं. ४५ गुल्म - सदस्य
- श्री प्रभाकर पन्थ, प्र. प्र. अ., रा.अ.जि.का. - सदस्य
- डा. निर्मल नगरकोटी, प्रमुख, स्वा.से.का. - सदस्य
- श्री भिमराज सेजुवाल, नि.जि.स.अ., - सदस्य
- श्री केशव ज्ञवाली, स.प्र.जि.अ.,जि.प्र.का. - सदस्य सचिव

**सल्लाहकार**

श्री पूर्ण वहादुर रोकाया, प्रमुख, जिल्ला समन्वय समिति

**विशेष उपस्थिति**

मा. दानसिंह परियार, प्रदेश सभा सदस्य, कर्णाली प्रदेश
श्री हरिजङ्ग शाही, नगर प्रमुख, छायाँनाथ रारा नगरपालिका
श्री हस्त वहादुर मल्ल, भू.पू. शिक्षा राज्यमन्त्री
श्री पारशमणि मल्ल, अध्यक्ष, अस्पताल विकास समिति
श्री तीर्थराज शाही, प्रमुख प्रशासकीय अधिकृत, मुगुम कार्मारोङ गाउँपालिका
श्री विरेन्द्र मल्ल, प्रमुख प्रशासकीय अधिकृत, सोरु गाउँपालिका
श्री विर्ख वहादुर थापा (मानव प्रकाश) प्रतिनिधि, ने.क.पा.
श्री मञ्जन वहादुर कार्की, प्रतिनिधि, नेपाली कांग्रेस
श्री लोकेन्द्र शाही, प्रतिनिधि, नेपाली कांग्रेस
श्री राज वहादुर भाम, राष्ट्रिय जनता समाजवादी
श्री राजेन्द्र शाही, प्रतिनिधि, राष्ट्रिय जनता समाजवादी
श्री जय वहादुर मल्ल, नेपाल रेडक्रस सोसाइटी
श्री कमल वहादुर बुढा, अध्यक्ष, उद्योग वाणिज्य संघ, मुगु
श्री अच्युत भण्डारी, प्रतिनिधि, नेपाल पत्रकार महासंघ
श्री गोर्ख वहादुर रोकाया, छायाँनाथ रारा नगरपालिका
श्री जेठ वहादुर वुढा, छायाँनाथ रारा नगरपालिका १२
श्री नन्दाराम [illegible], प्रमुख, डि.व.नि.का.
श्री तिलक कार्की, प्रतिनिधि, नेपाली कांग्रेस
श्री राज कुमार घिमिरे, प्रजानेपाल

निर्णयहरु -

१. जिल्ला कोभिड -१९ संकट व्यवस्थापन केन्द्रको मिति २०७७।०५।०९ को निर्णय कार्यान्वयनको प्रगति समीक्षा गरियो । विगतका कार्यान्वयन हुन नसकेका निर्णयहरु तदारुकताका साथ कार्यान्वयन गर्ने निर्णय गरियो । केही दिन अगाडि छायाँनाथ रारा नगरपालिका र मुगुम् कार्मारोङ गा.पा क्षेत्रका ३६१ जना व्यक्तिहरुको पिसिएर परीक्षणका लागि कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लामा पठाइएकोमा सबैको पिसिआर रिपोर्ट नेगेटिभ आएको र जिल्लामा हालसम्म जम्मा ४ जनामा कोरोना पोजेटिभ देखिएकोमा उपचार पश्चात सबै जना घर फर्किएको व्यहोरा बैठकमा जानकारी गराइयो ।

२. नेपाल सरकार, प्रदेश सरकार, कोभिड -१९ संकट व्यवस्थापन केन्द्र र जिल्ला कोभिड -१९ संकट व्यवस्थापन केन्द्रका विभिन्न समयमा निर्णयहरु र हालको जिल्लाको वस्तुस्थितिलाई ध्यानमा राखी मिति २०७७।०५।१७ गतेदेखि ७ (सात) दिनसम्म लागू हुने गरी देहाय बमोजिम गर्ने गराउने निर्णय गरियो ।

क. नेपाल सरकारले सेवा संचालनमा रोक लगाएका निम्न सेवाहरु बन्द गर्ने गराउने ।

- शैक्षिक संस्थाहरु (विद्यालय, कलेज, ट्यूशन सेन्टर, तालिम केन्द्र)
- सबै प्रकारका सभा, गोष्ठि, सेमिनार, तालिम, जुलुस, भेला
- सिनेमा हल, पार्टी प्यालेस, डान्सबार लगायत मनोरञ्जन स्थल
- सैलुन व्यूटीपार्लर तथा स्पा
- स्वीमिङ पुल, जिमखाना लगायत हेल्थ क्लव
- समुदायमा खेलिने खेलकुद, खेलमैदानमा हुने प्रस्तुती
- सबै प्रकारको धार्मीक तथा समाजिक स्थल, सबै प्रकारका जात्रा, धार्मिक एवं स्थानीय पर्वहरु
- पुस्तकालय, संग्राहलय, चिडियाखाना

ख. औषधी उपचार, खाद्य वस्तु खरिद जस्ता अत्यावश्यक काममा वाहेक कुनैपनि व्यक्ति घर बाहिर ननिस्कने ।

ग. एम्बुलेन्स, अनुमती प्राप्त सवारी साधन, स्वास्थ्यकर्मी, सुरक्षा निकायले प्रयोग गर्ने र अति आवश्यक काममा बाहेक सबै प्रकारका सार्वजनिक वा निजी सवारी साधन संञ्चालनमा जिल्ला भित्रसमेत आवतजावत गर्न रोक लगाउने ।

घ. सबै सार्वजनिक सेवाहरु स्वास्थ्य सुरक्षा मापदण्ड अपनाई संचालन गर्ने ।

ङ. सदरमुकाम गमगढी लगायत पालिकाका मूख्य मुख्य केन्द्रहरुमा नेपाल सरकारले रोक लगाइएका सेवा र होटलहरु पूर्ण रुपमा बन्द गर्ने, औषधि पसलहरु सबै समय खुल्ला गरि बिक्रि वितरण गर्ने, अन्य पसलहरु दिउँसो १:०० बजेदेखि बेलुका ६ बजेसम्म मात्र खुल्ला गर्ने ।

च. अति आवश्यक काममा वाहेक अन्तर जिल्ला पास र अन्तर पालिका पास दिने कार्य तत्कालका लागि बन्द गर्ने, जिल्ला तथा पालिका प्रवेश गर्ने नाकाहरुवाट प्रवेशमा पूर्ण रोक लगाउने ।

छ. रात्रिकालीन आवतजावतहरुलाई पूर्ण रुपमा बन्देज लगाउने ।

ज. पिसिआर गराइ विमानमार्फत वा अन्य सवारी साधन वा पैदल आएका यात्रुहरुलाई सम्वन्धित स्थानीय तहले कम्तिमा १४ दिनसम्म अनिवार्य रुपमा क्वारेनटाईन राख्ने ।PCR गराएर मात्र घरजान दिने ।

झ. स्वास्थ्य सुरक्षा सम्वन्धी तोकिएको मापदण्डको पूर्ण परिपालना गरि गराइ मात्र खाद्य वस्तु वा निर्माण सामाग्रीहरु ढुवानी, विकास निर्माणका कामहरु संचालन ल्याउने ।

ञ. भाद्र महिनाभित्र स्वास्थ्य सेवा कार्यालय, मुगुले सम्बन्धित स्थानीय तहहरुसंग समन्वय गरि कैन्ट्रयाक्ट ट्रेसिङ लगायत समुदायस्तरमा समेत पिसिआर परीक्षणको दायरा विस्तारलाई तिव्रता दिने ।

ट. कार्यालय/ पसलहरुमा प्रवेश गर्ने जोसुकै व्यक्तिहरुले अनिवार्य रुपमा माक्सको प्रयोग गर्नु पर्ने, भौतिक दुरी कायम गर्ने, अन्यथा प्रवेशमा रोक लगाउनुका साथै भौतिक दुरी कामय नगर्ने, माक्स नलगाई सार्वजनिक स्थलमा हिडडुल गर्ने जोसुकै लाई पनि पक्राउ गरि नियमानुसार कारवाही गर्ने ।

ठ. प्रत्येक कार्यालय/ पसलहरुले साबुन पानीले हात धुने स्थान अनिवार्य रुपमा बनाउने, स्यानिटाईजरको प्रयोग अनिवार्य रुपमा गर्ने र सेवा प्रदायकहरु सबैले माक्स लगायत स्वास्थ्य सम्बन्धी मापदण्डको पालना गर्ने गराउने ।

ड. चाड पर्वको समय आएको हुँदा नेपाल सरकार स्वास्थ्य मन्त्रालयले जारी गरेको "चाड पर्व जात्रा तथा उत्सवहरु मनाउँदा पालना गर्नु पर्ने स्वास्थ्य सम्बन्धी मापदण्ड, २०७७" को पालना गर्ने गराउने । सो अनुसार भिडभाड नगरी परिवार भित्रमात्र चाड पर्वहरु मनाउने । बढी मानिस भेला हुने कुनै पनि कार्य नगर्ने नगराउने ।

ढ. जिल्ला बाहिरका माछा, मासु र अण्डा आयातमा अर्को निर्णय नभएसम्मका लागि पूर्णरुपमा रोक लगाउने । प्रवेश गर्न निषेध गर्ने ।

ण. हाललाई मिति २०७७।०५।३१ गते मध्यरातसम्मका लागि नेपालको अन्तराष्ट्रिय सीमानामा रहेका नेपाल प्रवेश गर्ने सबै बिन्दु र खुला सीमानाको जुनसुकै स्थानबाट हुन सक्ने यात्रुहरुको आगमन स्थगित गर्ने ।

त. बालबालिका, दीर्घरोगीहरु र जेष्ठ नागरिकहरुलाई संक्रमणको प्रभाव छिटो पर्न सक्ने हुँदा त्यस्ता व्यक्तिहरुलाई सुरक्षित साथ राख्ने ।

३. छायाँनाथ रारा नगरपालिका लगायत सबै स्थानीय तहहरुलाई समुदायस्तरमा पिसिआर परीक्षण बढाउनका लागि निर्देश गर्ने । पिसिआर किटको अभाव रहेको हुँदा तत्काल सबै स्थानीय तहहरुले कम्तीमा एक/ एक हजार थान पिसिआर किट खरिद गरी मौज्दात राख्ने ।कम्तिमा ५० वेड क्षमता भएको आइसोलेसन स्थापना गरी संचालनमा ल्याउने ।सो का लागि सम्पूर्ण तयारी सबै स्थानीय तहले गर्ने ।

४. सबै स्थानीय तहहरुले वडा स्तरिय दस्ताहरु, जनप्रतिनिधीहरु, संघ संस्था एवं शिक्षकहरुलाई कोभिड-१९ को रोकथाम र नियन्त्रणको कार्यमा सक्रिय रुपमा परिचालन गर्ने । सबै वडाहरुमा माक्स लगायत स्वास्थ्य सामाग्रीहरु, राहातका समाग्रीहरु बितरण गर्ने गराउने ।

५. जिल्ला स्थित गैर सरकारी संस्थाहरुलाई कोभिड-१९ को संक्रमण रोकथाम र नियन्त्रण कार्यमा यस केन्द्र लगायत स्थानिय तहहरुलाई आवश्यक सहयोग गर्न आहान गर्ने । नेपाल रेडक्रस सोसाईटी को संयोजकत्वमा गैरसरकारी संथाहरुको कोभिड -१९ संक्रमण रोकथाम कार्यदल गठन तथा परिचालन गर्ने ।

६) मिति २०७७।०५।२३ गते सम्मका लागि कार्गो उडान बाहेक कुनै पनि उडान नगरि दिनका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने

कृष्ण कुमार निरौला

७) निर्माणाधिन कारागार भवनमा निर्माणह गरिएको ५५ बेडको प्रारम्भिक आइसोलेसन लाई तयारी अवस्थामा राखे । सो को संचालन सम्वन्धमा निम्न निकायहरुले निम्नानुसार गर्ने, गराउने ।

- आवश्यक सुरक्षा समन्वय एवं सहजीकरण – जिल्ला प्रशासन कार्यालय मुगु
- प्रारम्भिक आइसोलेसनमा खाना/ खाजा/ पानीको व्यवस्था – छायाँनाथ रारा न.पा.
- सुरक्षा व्यवस्था – सुरक्षा निकायले गर्ने ।
- स्वास्थ्य टोली सहित औषधी उपकरण – स्वास्थ सेवा कार्यालय/ छायाँनाथ रारा न.पा./ संघसंस्था
- खाद्य सामाग्री संकलन र आपुर्ति – उद्योग वाणिज्य संघ/ निर्माण व्यवसायी संघ/ यातायात व्यवसायी हरु/ अन्य
- प्रारम्भिक आइसोलेसन संचालन / व्यवस्थापन – संचालन एवं व्यवस्थापन समिति
- अनुगमन निरीक्षण – जिल्ला अनुगमन समिति,/ जिल्ला प्रशासन / राजनितिक दलहरु
- प्रारम्भिक आईसोलेसन को व्यवस्थापन गर्न सबै स्थानिय तहहरुलाई अनुरोध गर्ने ।

८) स्वासथ्य सेवा कार्यालयका लागि खरिद गर्ने भनिएको PCR मेसिन यथाशिघ्र खरिद गर्न र सोरु गा.पा, मुगम् कार्मारोङ्ग गा.पा. र छायाँनाथ रारा नगरपालिकाले खरिद गर्ने भनिएको एम्बुलेन्स चाँडो भन्दा चाँडो खरिद गर्न पुन अनुरोध गर्ने ।

९) आधुनिक प्रविधियुक्त कम्तिमा ५० बेड क्षमता भएको आईसोलेसन प्रत्येक पालिकाहरुमा निर्माण गरि दिनको लागि प्रदेश सरकारमा अनुरोध गर्ने । साथै जिल्लामा कोभिड-१९ को उपचारका लागि छुट्टै कोभिड अस्पताल समेत निर्माणको लागि प्रदेश सरकारसंग अनुरोध गर्ने ।

१०) यस कार्यमा अवरोध पुऱ्याउने जो सुकैलाई संक्रामक रोग ऐन, २०२०, विपद जोखिम न्यूनिकरण ऐन, २०२८ लगायतका प्रचलित कानून बमोजिम दण्ड सजाय हुने ।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय मुगु

२०७८/०५/१९

कृष्ण कुमार निरौला
प्रमुख जिल्ला अधिकारी